## बैठक संख्या: २०७९।०८० – ०२

बैठक: घिरिङ गाउँपालिका तनहुँको गाउँ कार्यपालिका बैठक।
मिति र समय: वि. स. २०७९ साल साउन १९ गते विहिबार समय ........बजे देखि सुरु।
अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा ज्यू।
स्थान: गाउँपालिका केन्द्र पोखरीछाप तनहुँ।

| क्र स | पदाधिकारीको नाम थर | कार्यालय र पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री होम बहादुर थापा | घिरिङ गाउँपालिका अध्यक्ष | | |
| २ | श्री राधा देवी अधिकारी | घिरिङ गाउँपालिका उपाध्यक्ष | | |
| ३ | श्री राम प्रसाद शर्मा | घिरिङ गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | श्री रवि चन्द्र घोरासिनी | घिरिङ गाउँपालिका वडा नं. १ वडा अध्यक्ष | | |
| ५ | श्री नर बहादुर थापा | घिरिङ गाउँपालिका वडा नं. २ वडा अध्यक्ष | | |
| ६ | श्री तहल सिंह थापा | घिरिङ गाउँपालिका वडा नं. ३ वडा अध्यक्ष | | |
| ७ | श्री भिम बहादुर कुमाल | घिरिङ गाउँपालिका वडा नं. ४ वडा अध्यक्ष | | |
| ८ | श्री विष्णु विर आले | घिरिङ गाउँपालिका वडा नं. ५ वडा अध्यक्ष | | |
| ९ | श्री इश्वरी श्रेष्ठ | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १० | श्री पार्वती विक | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| ११ | श्री रिमा कुमाल | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १२ | श्री सरिता वि.क. | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | सरिता | |
| १३ | श्री भुवन सिं वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १४ | श्री टोप बहादुर रामदाम | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | — | |
| | राष्ट्र सेवक कर्मचारीहरु | | | |
| १५ | ध्रुवराज लामिछाने | अधिकृत | | |
| १६ | बिदुर मरहट्टा | सब-इन्जिनियर | | |
| १७ | | | | |
| १८ | | | | |

## प्रस्तावहरु

१. आ.व. २०७९\०८० को स्थानीय दररेट स्वीकृति सम्वन्धमा

२. भारतीय राजदुतावासबाट प्राप्त दिपक मा.वि. को विद्यालय भवन निर्माण सम्वन्धी रकमलाई आ.व. ०७९\०८० को बजेट मा समावेश गर्न सभामा पेश गर्ने सम्वन्धमा ।

३. कृषि, पशु, सामाजिक विकासका विभिन्न कार्यक्रमहरु NGO\INGO मार्फत साझेदारीमा सञ्चालन गर्ने सम्वन्धमा

४. विपद् व्यवस्थापनको लागि प्राप्त निवेदनहरुको सम्वन्धमा

५. विविध —

## निर्णयहरु

निर्णय नं. १. आ.व. २०७९\०८० को लागि गाउँपालिकाको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको बार्षिक दररेट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१३) बमोजिम तनहुँको जिल्ला दररेटलाई नै आधार मानी स्वीकृत गर्ने ।

निर्णय नं. २. भारतीय दुतावासबाट श्री दिपक माध्यमिक विद्यालयलाई प्राप्त रु १८,५२,०३६ रकम गाउँपालिकामा नै बुझाउने भन्ने बुझिएकोले उक्त रकम गाउँपालिकाको चालू आ.व. को बजेटमा समावेश गरी भुक्तानी दिने प्रकृया शुरु गर्न लगायतका विषयहरुमा यही साउन ३० गते गाउँ सभा आयोजना गर्ने ।

निर्णय नं. ३. आ.व. २०७९\०८० मा स्वीकृत कृषि, पशु तथा सामाजिक विकासका कार्यक्रमहरु गैरसरकारी संस्थाहरुको साझेदारीमा सञ्चालन गर्न आवश्यक तयारी गर्ने तथा अनुदान (नगद\सामाग्री) बाहेक तालिम सञ्चालन सम्वन्धी कार्यक्रमहरु साझेदारीमा सञ्चालन गर्न सकिने हुनाले सो सम्वन्धमा आवश्यक परामर्श गरी प्रकृया अगाडी बढाउने ।

निर्णय नं. ४. विपद् राहतको लागि पर्न आएका निवेदनहरुको सम्वन्धमा सम्वन्धीत वडाको प्राविधिकहरुलाई पिडितहरुको घर\स्थलमा पुगी क्षतिको वास्तविक विवरण अनुमान गरी राहत वितरणको व्यवस्था गर्ने ।

निर्णय नं. ५. गाउँपालिकामा रहेका प्रहरी चौकीहरुलाई गाउँपालिकाबाट प्रदान गरिएका मोटरसाईकलहरुको मर्मत तथा ईन्धन बापत हालसम्म छुट्टा छुट्टै दिईदै आएको ईन्धन तथा मर्मत खर्चको सट्टा सम्वन्धीत शीर्षकबाट मासिक (ईन्धन र मर्मत एकमुष्ट) रु ५००० ईन्धन तथा मर्मत खर्च भनी उपलब्ध गराउने ।

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ६. नागरिक आरोग्य केन्द्रलाई मानपुरबाट देउराली स्थित पुरानो गाविस भवनमा सार्ने र पछि वडा कार्यालयमा ट्रस निर्माण गरी व्यवस्थापन गर्ने ।

निर्णय नं. ७. गाउँपालिकामा सूचनाको पहुँच जनता समक्ष पुर्याउन सहयोग पुर्याउने कार्य समेत गर्न मासिक रु १२,०००।- ननाघ्ने गरि यस गाउँपालिकाको पत्रकार अञ्जन परियारलाई सेवा करारमा प्रेश सल्लाहकारको काम गर्ने गरी करार सम्झौता गर्ने ।

निर्णय नं. ८. यस गाउँपालिकामा आ.व. ०७९\०८० मा कार्यक्रम सञ्चालन गर्ने गरी "Namaste Kids" नामक संस्थाले गाउँपालिकाको वडा नं. १, २, र ४ का विभिन्न विद्यालयमा अध्ययनरत विभिन्न किसिमबाट अभिभावक गुमाएका अनाथ, असहाय, अति विपन्न, गरिब तथा जेहेन्दार बालबालिकाहरुको शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गर्न संस्था कै खर्चबाट रु १० लाख ९६ हजार रकम बराबरको कार्यक्रम सञ्चालन गर्ने गरी निवेदन प्राप्त भएकोले उक्त संस्थालाई कार्यक्रम सञ्चालन गर्न अनुमति प्रदान गर्ने ।

निर्णय नं. ९. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा (१७) बमोजिम गाउँपालिकामा देहाय बमोजिमका सदस्य रहने गरी "स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्ने

तपसिल

क) गाउँपालिका अध्यक्ष — अध्यक्ष
ख) गाउँपालिकाको उपाध्यक्ष — सदस्य
ग) पाँचवटै वडाका वडा अध्यक्षहरु — सदस्य
घ) भुवनसिंह वि.क. (कार्यपालिका सदस्य)- सदस्य
च) पशु, कृषि र शिक्षा शाखा प्रमुख - सदस्य
ङ) स्वास्थ्य संयोजक — सदस्य
च) प्रमुख, प्रहरी चौकी पोखरीछाप — सदस्य
छ) दलसिंह थापा (प्र.अ. राष्ट्रिय मा.वि.)
ज) विपद् व्यवस्थापन हेर्ने गाउँपालिकाको कर्मचारी (विष्णु प्रसाद पोखेल) — सदस्य सचिव

होम बहादुर थापा
अध्यक्ष

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १०. तपसिल बमोजिम बिपद् मा परेका व्यक्तिहरुलाई बिपद व्यवस्थापन कोषबाट खर्च हुने गरी तपसिल बमोजिमको रकम / सहयोग उपलब्ध गराउने ।

| क.स. | विपदमा परेको व्यक्तिको नामथर | वडा नं. | समस्या | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | चन्द्रकला थापा टोल संयोजक | ३ | पहिरो व्यवस्थापन | स्थलगत रुपमा प्राविधिक खटाइ विवरण संकलन गर्ने | |
| २ | जामुनडाँडा स्थित कालिका देवी सामरी देवि मन्दिर | ३ | मन्दिर क्षति भएको | प्राविधिक मूल्यांकनबाट देखिएको क्षति भएको रकम | |
| ३ | गोपाल आले | ५ | खेत बगाएको | स्थलगत रुपमा प्राविधिक खटाइ विवरण संकलन गर्ने | |
| ४ | शेर बहादुर थापा | ५ | खेतको कुलो पूर्ण रुपमा क्षति भएको | स्थलगत रुपमा प्राविधिक खटाइ विवरण संकलन गर्ने | |
| ५ | डम्बर सि थापा | ५ | घरको आँगन पहिरो गई क्षति भएको | स्थलगत रुपमा प्राविधिक खटाइ विवरण संकलन गर्ने | |
| ६ | सोम कुमार श्रेष्ठ | ५ | स्वास प्रश्वासको दिर्घ रोगिका कारण | रु. ३००००।- | |
| ७ | दल बहादुर थापा | ५ | पहिरोले खेत पुरिएको | स्थलगत रुपमा प्राविधिक खटाइ विवरण संकलन गर्ने | |
| ८ | बिमल थापा | ५ | खेतको कुलो पूर्ण रुपमा क्षति भएको | स्थलगत रुपमा प्राविधिक खटाइ विवरण संकलन गर्ने | |
| ९ | मिन बहादुर आले | ५ | पहिरोले गोठ बगाएको | रु ५०००।- | |
| १० | ईश्वर वि. क | ५ | पौडी खेल्ने क्रममा निधन भएको | रु ३००००।- | |
| ११ | लाल बहादुर आले | ४ | वर्षातको कारण घरको माथिल्लो तला भत्किएको | रु १००००।- | |
| १२ | हेम बहादुर कुमाल | ४ | क्यान्सर पिडित | रु २००००।- | |
| १३ | दिल बहादुर थापा | २ | घर संरक्षण | रु ८०००।- | |

हेम बहादुर थापा
अध्यक्ष

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत